(बैठकमा) मा पेश गर्ने निर्णय गरियो।-

# बटेश्वर गाउँपालिकाको आ.व. २०७९।८० को बजेट मन्तब्य

आदरणीय सभाधक्ष ज्यू ।

सर्वप्रथम यस बटेश्वर गाउँपालिकाको आठौं गाउँ सभाको यस पुनित अवसरमा राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशिता, राष्ट्रिय स्वाधिनता, पहिचान, पहुँच र प्रतिनिधित्वका लागि भएका बलिदानीपूर्ण आन्दोलनहरुमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, घाइते तथा बेपत्ता पारिएका योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

सभामा उपस्थीत प्रमुख अतिथी, अतिथी, कार्यपालिका सदस्य, सभासद तथा कर्मचारीहरु एवं उपस्थित सम्पुर्ण गाउँ वासी माहानुभावहरुमा हार्दिक स्वागत गर्दै नमन गर्न चांहन्छु ।

अहिले हाम्रो देश संघीयता कार्यान्वयनको चरणमा रहेको छ । यसैको अभ्यास स्वरुप विगतका स्थानीय निकायहरुलाई अधिकार सम्पन्न स्थानीय तहमा रुपान्तरण गरी निक्षेपति शासन ब्यवस्थाको शुरुवात गरिएको छ । यस सम्भावना र चुनौतीको दोसाँधमा रहेको संक्रमणकालीन घडीमा हामीले

अनुभूति गराउनु जरुरी छ भने अर्कोतिर सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी एवं प्रविधिमैत्री बनाई सिंहदरवार घर-घरमा पुऱ्याउने नेपाल सरकारको नीतिलाई सार्थक तुल्याउनु परेको छ ।यसको लागि हामीले हाम्रो गाउँपालिकाको वर्तमान आवश्यकता, जनचाहना तथा हामीसँग उपलब्ध श्रोत, साधनको आधारमा दीर्घकालीन महत्वका योजना तथा कार्यक्रमहरु तय गर्नु जरुरी रहेको महशुस गरी योजना तथा बजेट तर्जुमा मार्गदर्शन तयार गरेर सोही मार्गदर्शनको परिधीभित्र रही बजेट तथा कार्यक्रम तयार गरिएको कुरा अवगत गराउन चाहन्छु ।

## बजेट छनौटका आधारहरु

यस गाउँपालिकाले वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गर्दा नेपाल सरकार अर्थ मन्त्रालयले स्थानीय तहहरुलाई उपलब्ध गराएको वजेट सीमाको परिधीलाई अवलम्वन गरिएको छ ।

वजेट तयार गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, त्रिवर्षीय योजना , सहस्राब्दी विकास लक्ष्य र दिगो विकासका लक्ष्यहरु तथा नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिबासी जनजातिसँग

सम्वन्धित अन्तराष्ट्रिय सन्धी सम्झौताहरुमा उल्लेख भएका विषयहरुलाई गम्भीरताका साथ योजनामा समावेश गरिएको छ ।

- जलवायु अनुकुलन, मानवीय स्वास्थ्य, आर्थिक-सामाजिक विकास, जीविकोपार्जन सुधार, खानेपानी तथा सरसफाई, अपाङ्गमैत्री एवं वालमैत्री स्थानीय शासन, पोषण सुधार, लैंगिक उत्तरदायी वजेट विनियोजन, विपद् व्यवस्थापन, आकस्मिक मर्मत सम्भार जस्ता वहुपक्षीय जिम्मेवारीका विषयवस्तुहरुलाई सम्बोधन गर्ने कार्यक्रमहरुलाई समावेश गरिएको छ ।
- आयोजना छनौट गर्दा गरिवी न्यूनीकरण, वातावरण संरक्षण, समावेशी विकासमा योगदान पुऱ्याउने रोजगारमुलक, छोटो समयमा सम्पन्न भई अधिकतम् प्रतिफल दिने, कम लगानीवाट वढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा अधिकतम् जनसहभागिता प्राप्त गर्न सकिने किसिमका आयोजनाहरुलाई प्राथमिकता दिईएको छ ।
- बस्ती भेला, टोल भेला, वडा भेला गरी सवै वडाबाट प्राथमिकीकरण गरी पेश गरिएका योजनाहरुको सूचीको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिश भई आएका

योजनाहरुलाई गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गरी गाउँसभामा अन्तिम टुङ्गो लगाउन पेश गरिएको छ ।

गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकाय, स्थानीय गै.स.स.हरु, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुसँग अन्तर्क्रिया गरी सम्वन्धित सुचनाहरु एकीकृत गरेर सबै पक्षहरुको अपेक्षा र सुझावहरुलाई समेटी योजना तयार गरिएको छ ।

पूर्वाधार निर्माणतर्फ अधुरा आयोजनाहरुलाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमहरुलाई प्राथमिकता दिईएको छ ।

भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने खालका योजनाहरुलाई प्राथमिकता दिईएको छ ।

गउँपालिकाकी बजेटबाट मात्र सम्पन्न गर्न नसकिने योजनाहरुलाई उपल्लो निकायहरुबाट बजेट प्राप्त भएमा कार्यान्वयन गर्ने गरी प्राथमिकीकरण सहित सूची तयार गरिएको छ ।

## आगामी आर्थिक वर्ष २०७९/८० को अनुमानित आय

वित्तीय समानीकरण अनुदानतर्फ नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ रु. १० करोड २७ लाख र प्रदेश सरकारबाट रु.७१ लाख ४९ हजार ।

सशर्त अनुदानतर्फ नेपाल सरकारबाट रु. १४ करोड २५ लाख प्राप्त भएको छ ।

त्यसैगरी राजस्व बांडफांड तर्फ नेपाल सरकारबाट रु. ६ करोड ८४ लाख ५१ ह्जार तथा प्रदेश सरकार बाट २० लाख ६९ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

विशेष अनुदान तर्फ संघीय सरकार बाट रु. १ करोड तथा प्रदेश सरकार बाट रु. ३० लाख प्राप्त भएको छ ।

समपुरक अनुदान प्राप्त तर्फ संघीय सरकार बाट रु. ८० लाख तथा प्रदेश सरकार बाट रु. २० लाख प्राप्त भएको छ ।

गाउँपालिकाको आन्तरिक श्रोततर्फ रु. ८३ लाख अनुमान गरिएको छ ।

गत आ.व.मा खर्च नभई आन्तरिक अल्या मूल सञ्चित कोष खातामा बैंक मौज्दातको रुपमा रहने रकम रु. १ करोड अनुमान गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु. ३३ लाख ८६ हजार अनुमान गरिएको छ ।

यसरी हेर्दा आ.व. २०७९/८० को कूल आय ३६ करोड, ७५ लाख ५५ हजार देखिएको छ ।

## आगामी आर्थिक वर्ष २०७९/८० को अनुमानित व्यय

आगामी आ.व. को लागि चालु खर्च अन्तर्गत ७ करोड ८८ लाख २० हजार खर्च हुने अनुमान गरिएको छ ।

पूँजीगत खर्च अन्तर्गत १४ करोड ६२ लाख ३५ हजार व्ययको अनुमान गरिएको छ ।

त्यस्तै, सशर्त अनुदान अन्तर्गत १४ करोड २५ लाख व्यय हुने अनुमान गरी कूल व्यय ३६ करोड ७५ लाख ५५ हजार हुने अनुमान गरिएको छ ।

अन्त्यमा आगामी आ.व. २०७९/८० को लागि यस गाउँपालिकाको बजेट तर्जुमा कार्यमा महत्वपूर्ण सहयोग गर्नुभएकोमा आर्थिक विकास समिति, स्थानीय राजस्व परामर्श समिति, श्रोंत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका विषयगत समितिहरु, वडा समितिहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, गाउँपालिका क्षेत्रमा रहेका

सरकारी निकाय, स्थानीय गैससहरु, नागरिक समाज, निजी क्षेत्र तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरु एवं गाउँपालिकाका सम्पुर्ण कर्मचारी एवं बटेश्वर वासी प्रति धन्यवाद ज्ञापन गर्दै यस सम्मानित सभा समक्ष निर्णयार्थ पेश गर्दछु ।

# बटेश्वर गाउँपालिकाको नितीहरु: २०७९/८०

## आर्थिक विकास

### कृषि तथा पशु विकास निति

- कृषकहरुलाई सिंचाईको व्यवस्था गरी कृषी उपजहरुको वजार व्यवस्थापनको सुनिश्चित गरिने।
- बटेश्वर गाउँपालिकाको सबै वडाहरुको कृषि योग्य जमिनलाई सिंन्चित गर्न खेत खेतमा सिंचाईको व्यवस्थापन गर्न नहर, बोरिङ्ग जडानको व्यवस्था मिलाईने छ।
- व्यवसायिक बाली उत्पादन प्रबर्द्धन गर्ने आयोजनाहरु संचालन गरी कृषि व्यवसाय प्रंबर्द्धनमा ज़ोड दिईनेछ
- कृषकहरुको लागि अनुदानमा कृषि उत्पादन सामग्री जस्तैः तरकारी मिनीकिट, स्प्रेयर, हार्वेटिक ब्याग, गटोर जस्ता कृषि उपकरण वितरण जस्ता निति अवलम्बन गरिनेछ।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि विकसित प्रविधिहरुको प्रसार प्रचार र प्राविधिक सेवा टेवा सर्वसुलभ रुपमा प्रदान गरी कृषकहरुलाई कृषि विकास गर्न सक्षम बनाईनेछ।
- कृषकहरुलाई अनुदानमा खेती गर्न प्रोत्साहित गरिनेछ।
- कृषि विकासमा कृषक समुह, समिति , सहकारी, गैर सरकारी संस्थाहरुसंग साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ।
- कृषि प्रसार सेवालाई प्रभावकारी तुल्याउन ग्रामीण कृषि कार्यकर्ता परिचालन गरिनेछ।
- तरकारी, फलफूल तथा नगदे बालीमा कृषकहरुलाई आकर्षित गरी उन्नत प्रविधि अवलम्वन मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्न ध्यान दिईनेछ।
- कृषिमा सघनता ल्याउन कृषकहरुलाई क्रमश : क,ख,ग मा वर्गीकरण गरी कृषिकार्ड वितरण गर्ने व्यवस्थापनमा ल्याईने छ।
- मत्सय/माछापालन गर्न तीस विग्हामा पोखरी खन्नाउने लक्ष्य रहेकोमा गाउँपालिकाबाट किसानहरुलाई प्राथमिकताको आधारमा प्रति कठ्ठा रु.१५००।- दिईने छ।
- कृषि सडक र कृषि विधुतिकरणमा जोड दिईने छ।

- कृषि उपज केन्द्र संकलन केन्द्र स्थापना गरिने छ।
- पशु खोप कार्यक्रम, व्यवसायिक पशुफार्म प्रबर्द्धन कार्यक्रम(गाई, भैंसी,बाख्रा, कुखुरा) मा जोड दिईनेछ ।
- प्रत्येक वडामा उन्नत जातको बोका राख्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- कृषिको मेवा खेतीलाई प्रोत्साहन गरिनेछ ।

- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान तथा पशु आहारा श्रोतकेन्द्र स्थापना गरी हिउँदे, बर्षे घाँस उत्पादनमा जोड दिइनेछ ।
- कृषक पाठशाला सञ्चालन कार्यलाई निरन्तरता दिदैं पशुपालन सम्बनधी आधारभूत व्यवसासिक तालिम सञ्चालन गरिनेछ ।
- दुध संकलन केन्द्र स्थापना गरिने छ ।
- एकल महिला लक्षित पशुपालन सबलिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुधनको क्षति न्युनिकरणको लागि रोग नियन्त्रण खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर संचालनको जोड दिइनेछ ।
- बर्डफ्लु लगायतका पशुजन्य महामारी नियन्त्रण गर्ने जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

ा, वातावरण, जलाधार संरक्षण सम्बन्धि नीति

- खाली जग्गामा उपभोक्ता समुह, बिद्यालय परिवार र नागरिक समाज मार्फत बृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।
- जलवायु र उर्जा योजना अनुसार जलवायु परिवर्तन अनुकुलन तथा नवीकरणीय उर्जाको उत्पादन, प्रयोगलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरुको संचालन निजी तथा गैर सरकारी क्षेत्रको संलग्नतामा गर्न जोड दिइनेछ ।
- सडक बत्ती,घर परिवार एंव कार्यालयमा उर्जा आपुर्तिमा सौर्य उर्जाको सदुपयोग गर्ने खालका कार्यहरु गर्ने जोड दिइनेछ ।
- बाढी, पहिरो जस्ता प्रकोपबाट बर्षेनी हुने गरेको धनजनको क्षति न्युनिकरणका लागि साझेदार संस्थाहरु विच समन्वय गरी संरक्षणका कार्यक्रमहरु अगाडी बढाइनेछ ।
- सौर्य उर्जा एंव बैकल्पिक उर्जा विकासमा जोड दिइनेछ ।

टन सम्बन्धी नीति

- गाउँ पर्यटन व्यवस्थापन सम्बन्धि गुरु योजना निर्माण गरी पर्यटकीय पुर्वाधार विकासमा प्राथमिकीकरणका आधारमा लगानी गर्ने नीति लिइनेछ ।
- पर्यटन सम्बन्धी क्रियाकलापको विकास तथा विस्तारमा निजी क्षेत्रको सहभागीतालाई प्रोत्साहित गर्न पर्यटन व्यवसायी अन्य संघ संस्था संग सहकार्य गरिनेछ ।
- पर्यटन क्षेत्रको दिगो विकासको लागी जनसहभागितामा आधारित वातावरण संरक्षण कार्यक्रम एकिकृत रुपमा संचालन गरिनेछ ।
- यस गाउँपालिकामा रहेका महादेव स्थान एवं कार्तिक कुमर लगायत विभिन्न वडाको ऐतिहासिक, सांस्कृतिक एंव धार्मिक महत्वका क्षेत्रको विकासमा जोड दिईनुका साथै पर्यटकिय स्थल घोषणा गराउन आवश्यक पहल गरिने छ ।
- चालु आ.व.मा यस गाउँपालिकाको कलात्मक शैलीको प्रवेशद्वार गेट बनाइनेछ तथा पर्यटकीय क्षेत्रको विकास एंव प्रवर्द्धन गर्न र परम्परागत कला/संस्कृती जस्तै झिझिया, समा चकेवा, होली पर्व जस्ता मिथिला संस्कृतिको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

पद व्यवस्थापन सम्बन्धी नीति

- विपद जोखिम व्यवस्थापन कोषको स्थापना गरिनेछ ।
- जोखिम व्यवस्थापन नीति, योजना एंव रणनितिलाई प्राथमिकता दिन आवश्यक उपायहरुको अवलम्वन गरिनेछ र आवश्यतानुसार पुर्व सतर्कताको उपायहरुको विकास गरिनेछ ।
- स्थानिय स्तरमा विपद व्यवस्थापन समितिको क्षमता विकास तथा विपद व्यवस्थापन योजना तर्जुमा कार्यमा सहजीकरण गरिनेछ ।
- विपदमा परेका नागरिकहरुलाई तत्काल उद्धार तथा राहत सामग्री वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

चाई तथा जलविधुत सम्बन्धी नीति

- गाउँपालिकामा विधुत सेवाको पहुँच विस्तार गर्न सामुदायिक विधुतीकरण तथा ग्रामीण विधुतीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- खेती योग्य जमीनमा सिँचाई सुविधा विस्तार गर्न सिचाँइ कुलोहरु निर्माण भइरहेका सिँचाई प्रणालीहरुको मर्मत सम्भार तथा नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने कार्यमा विशेष सक्रियता देखाइनेछ ।

- साना सिँचाई प्रणालीको मर्मत सुधारका लागी सिँचाई प्रणालीको छनौट गर्दा यथासम्भव सबैं वडाहरु समेटिने, बाली विविधिकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिकुल दिने खालका सिँचाई प्रणाली छनौट गर्ने पद्धती अवलम्वन गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका नदी नियन्त्रणको लागि गुरुयोजना बनाई संघिय सरकारमा पहल गरिने छ

## सामाजिक विकास नीति

### शिक्षा निति

- शिक्षाको गुणस्तर बृद्धी गर्न तथा पठन पाठनमा नियमितता ल्याउन पहिलो चरणमा माध्यामिक बिध्यालय देखी सुरुवात गरी बिस्तारै सम्पुर्ण बिध्यालयहरुमा बिध्यालय व्यवस्थापन सफ्टवयर मार्फत निगरानी गराउने
- बाल विकास केन्द्रहरुलाई सुव्यवस्थित ढंगले संचालन गरी बाल विकास केन्द्र मार्फत कक्षा-१ मा भर्ना हुने दरमा बुद्धि गरिनेछ । साथै बाल संरक्षक तथा महिला हिंसा विरुको निति बनाई कार्यक्रमहरु संचालन गरिने छ ।
- पूर्ण साक्षरता अभियानका साथै शिक्षाको गुणस्तर बढाउन गाउँपालिकाबाट सहजकर्ताको व्यवस्था गरिने छ ।
- आधारभुत तह उमेर समुहका बालबालिकाहरुको शिक्षाको पहुँच सुनिश्चित गर्नका लागी छात्रबृति एंव नि:शुल्क पाठ्य पुस्तकको व्यवस्था गरिनेछ ।
- एसईई परीक्षामा सबैभन्दा बढी उतीर्ण गराउने सामुदायिक विद्यालयलाई सम्मान गर्ने परिपाटीको अवलम्वन गरिनेछ ।
- बालविकास केन्द्रलाई पुर्ण रुपमा व्यवस्थित गरिने छ ।
- माध्यमिक विद्यालयहरुमा प्रयोगशालाको व्यवस्था गरिने छ ।
- बालविकास सहजकर्तालाई अध्ययन र अवलोकन भ्रमण गराईने छ ।
- बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुको लागि पोशाकको व्यवस्था मिलाईने छ ।
- गाउँपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएको पाठहरुको आधारमा विधमान कानुन संस्थागत र प्रकृयागत सुधारलाई थप सुदृढ बनाउदै रणनैतिक ढंगले अगाडी बढाइनेछ ।

- लैंगिक मैत्री तथा बालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनिति तय गरी कार्यान्वयनमा ल्याइने छ ।
- सामुदायिक विद्यालयहरुको पुर्वाधार विकास गर्दै संस्थागत क्षमता अभिवृद्धिमा जोड दिइनेछ
- शिक्षा गाउँपालिका विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै सामुदायिक विद्यालयको शैक्षिक र भौतिक पुर्वाधार : वालवालिका विद्यालय प्रवेशको पहिलो आधार भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारका लागि स्पष्ट दृष्टिकोण, प्रतिवद्धता र लगनशीलताका साथ अगाडी बढाइनेछ ।
- गाउँपालिकाभित्रका सामुदायिक क्याम्पसहरुको संस्थागत विकास तथा स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ
- दलित, महिला, जनजाती, गरिव एवं पिछडिएको वर्गलाई शैक्षिक अवसरहरुको सुनिश्चितता प्रदान गर्न ब्यवस्था मिलाइने छ ।
- शिक्षकहरुलाई दिइने तालिम कार्यक्रमहरुलाई निरन्तरता दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धन गरिनेछ । साथै विद्यालयमा कार्यरत कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिने छ ।
- दलित छात्राहरु कलेजमा अध्ययन गर्न प्रोस्थाहित गर्न आवस्यक छात्र बृतीको व्यवस्था गरिने छ ।

स्वास्थ्य निति

- गाउँपालिका वासीलाई गम्भिर अवस्थामा स्वास्थ्य सेवाको पहुंचमा ल्याउन एम्बुलेन्स खरिद गरी सहुलियत दरमा सेवा उपलब्ध गराउने ।
- "स्वस्थ गाउँपालिकाबासी : स्वस्थ गाउँपालिका" भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको समतामुलक पहुँच सुनिश्चित गर्ने कार्यमा गाउँपालिका क्रियाशील रहनेछ ।
- आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक अधिकारको रुपमा रहेकोले स्वास्थ्य चौकी तथा आयुर्वेद औषधालयबाट निःशुल्क प्रदान हुँदै आएको प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउँदै लगिने छ ।
- अत्ति विपन्न परिवारहरुलाई गाउँपालिकाबाट स्वास्थ्य विमाको व्यवस्था गरिने छ ।

- क्यान्सर, मृगौला, हृदय, हेड इन्जुरी, स्पाइन्ल कोड इन्जुरी भएका बिरामीहरुलाई औषधि उपचार बापत आर्थिक सहयोगलाई निरन्तरता गरिएको छ ।
- यसै आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रमा सहजीकरणको लागि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- यसै आर्थिक वर्षमा वडा नं ४ मा बर्थिङ सेन्टर संचालन गरिनेछ ।
- संघीय सरकार स्वास्थ्य मन्त्रालयको निति अनुरुप गाउपालिकामा १० बेडको अस्पतालको निर्माण थालनी गरिनेछ ।
- ब्लड प्रेसरको औषधिलाई निरन्तरता दिदै सुगरको औषधि पनि यस आ.व. देखि स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध गराइनेछ ।
- गरिब परिवारका महिलाहरुलाई धुँवाबाट बच्न ग्याँस सिलिन्डर र चुल्हा ५०% अनुदानमा वितरण गरिने छ
- मासिक रुपमा गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण गर्न आमा समुहलाई सक्रिय बनाईने छ ।
- मातृ तथा शिशु मृत्युदर कम गर्न स्वास्थ्यकर्मीहरुको दक्षता अभिवृद्धि, तालिम, स्वास्थ्य केन्द्रहरुको स्तरोन्नति जस्ता कार्यक्रमहरुबाट नागरिकहरुको पहूँच बढाइने छ।
- एच. आई. भी. र एड्स, औंलो, दादुरा जस्ता सरुवा रोगको नियन्त्रणको लागि यस क्षेत्रमा कार्यरत संध संस्थाहरुको समन्वयमा विभिन्न चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

हिला तथा वालवालिका, जेष्ठ नागरिक तथा समाज कल्याण :-

- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्वन्धी कार्यक्रमहरु संचालन गरिने ।
- महिला, वालवालिका तथा फरक क्षमता भएकाहरुसंग सम्वन्धित चेतनामुलक प्रचारप्रसार तथा सामग्री उत्पादन प्रकाशन र वितरण गरिनेछ । महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान संचालन गरिनेछ । किशोरीहरुको वहूआयामिक विकास, लैंगिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र वालअधिकार प्रवर्द्धन अन्तरगत तालिमका ब्यवस्था गरिने

- जेष्ठ नागरिकहरुको सम्मानका लागि सरोकारवालाहरुको संयोजनमा "जेष्ठ नागरिक स्वास्थ्य शिविर तथा योग शिविर" तथा "जेष्ठ नागरिक सम्मान" जस्ता प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।
- जातीय विभेद न्यूनीकरण र समतामूलक समाज निर्माणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ
- एकल महिला समान कार्यक्रम मार्फत एकल महिलालाई समाजिक जिवनमा हौसला प्रदान गरिने छ । स्वावलम्बी तथा सम्मानयुक्त बन्ने वातावरण सिर्जनामा जोड दिइने छ ।
- निर्णय प्रक्रियामा महिलाहरुको सहभागीता प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन गरी संचालन गरी सहभागीताको सुनिश्चितता गरिने छ ।

जनजाती / दलित, उपेक्षित तथा उत्पीडित जाति उत्थान एवं संरक्षण

- गाउँपालिका तंथा यस क्षेत्रभित्र कार्यरत सम्पुर्ण गैर सरकारी संधसंस्थाहरुलाई जनजाति, दलित, पिछडा वर्ग, अपा॰ तथा जेष्ठ नागरिकहरुका सवालहरुलाई सर्वपक्षीय (**Cross Cutting**) सवालको रुपमा अगिंकार गरी कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ ।
- अल्प संख्यक तथा पिछडावर्गलाई प्रत्यक्ष लाभ हुने तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्न विशेष जोड दिइनेछ ।
- दलित समुदायमा कसैको मृत्यु भएमा किरिया खर्च बापत दिदै आएको रकमलाइ निरन्तरता दिइनेछ ।

सामाजिक सुरक्षा

- बृद्ध, असहाय, एकल महिला, फरक क्षमता भएका नागरिक तथा बालबालिकाको हितमा सामाजिक सुधार एवं कल्याणकारी कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा वितरणको अनुगमनलाई अझ प्रभावकारी बनाइने छ । गाउँपालिका / वडाहरुमा परिचय पत्र अधावधिक तथा सघन अनुगमनलाई प्रथमिकताका साथ अगाडी बढाईने छ ।

अपाङ्गता सम्बन्धी

- सवै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरुको क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा ब्यवस्थालाई प्रभावकारी बनाउदै लैजाने निति लिइनेछ ।
- अपाङ्ता भएका ब्यक्तिहरुको स्वावलम्वी संस्थाहरु एवं समूहको दिगो विकास गर्ने उपायहरुको अवलम्वन गरिनेछ ।

गरिबी न्यूनीकरण

- प्रती वर्ष कम्तीमा २०० जना शिपयुक्त जनशक्तीको उत्पादन गरी स्वरोजगार बनाउने तथा वैदेशिक रोजगारीलाई सुरक्षित, उत्पादक बनाईने व्यवस्था गर्ने तथा उल्लेखित कार्यक्रम मार्फत गरिबी निवारणमा टेवा पुर्याउने ।
- गाउँपालिकाबाट संचालन गरिने कार्यक्रमहरुलाई गरिब लक्षित क्षेत्रमा केन्द्रित गरिनेछ ।
- गाउँपालिका गरिबी अनुगमन प्रणालीको संस्थागत विकास गरिनेछ ।
- प्रधानमंत्री रोजगार कार्यक्रम लगायत अन्य गरिबी निवारणका कार्यक्रम मार्फत यस गाउँपालिकामा संचालन हुने परियोजनाहरुको प्रभावकारीता अभिबृद्धि गर्न विशेष जोड दिइनेछ ।
- अत्ति विपन्न घंर विहिन गरिबहरुको लागि बसोबासको व्यवस्था मिलाईने छ ।
- चालु आ.व.मा गाउँपालिकाबाट सिप मुलक, आय मुलक तालिम लिएका व्यक्तिहरुले व्यपार, उद्योग संचालन गरेको अवस्थामा अनुदानको व्यवस्था गरिने छ ।

वा तथा खेलकुद सम्वन्धी

- खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि युवाहरुको क्षमता विकास तथा सम्मान र पुरस्कृत गर्ने परम्पराको विकास गरिनेछ ।
- निजी सामुदायिक र संघसंस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगीताको आयोजना गरिनेछ । गाउँपालिका स्तरिय गा.पा.अध्यक्ष कप खेलकुद प्रतियोगीतालाई निरन्तरता दिईनेछ ।
- खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन गर्न युवाहरुलाई खेलकुद सामग्री उपलब्ध गराइनेछ ।
- स्थानीय रुपमा खेलकुद क्षेत्रको विकास गर्न फुटबल, कुस्ति, कबड्डी र क्रिकेट लगायतका प्रतियोगिता आयोजना गरिने छ ।

- बटेश्वर गाउँपालिकामा व्यवस्थित खेल मैदान बनाईने छ ।

भाषा, साहित्य, कला, संस्कृति

- भाषा, साहित्य, कला, संस्कृतिको विकासमा क्रियाशील संघसंस्थाहरु संग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- मैथिली एवं स्थानीय संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्नुका अतिरिक्त ऐतिहासिक एवं धार्मिक महत्वका सम्पदाहरुको संरक्षण गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

खानेपानी तथा सरसफाई

- गाउँपालिकाको बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय बनाउने कार्यको निरन्तरता दिईनेछ । विद्यालयहरुका चर्पी सफा राखी उदाहरणीय बन्न शिक्षकवर्ग तथा बालक्लवहरुलाई सकृय बनाइनेछ ।
- वातावरणीयं स्वच्छता एवं अन्य सरसफाई सम्बन्धी कार्यलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।
- स्वच्छ एवं आधारभूत गुणस्तरीय खानेपानीको आपुर्तीलाई व्यवस्थित गर्न खानेपानी योजनाहरुको दिगो संरक्षण एवं निर्माणधिन योजना समयमै सम्पन्न गर्ने ब्यवस्था मिलाइनेछ
- विपन्न गरीब परिवारहरुलाई स्वच्छ खानेपानीको सुलभ उपलब्धता गराईने छ ।
- विद्यालयहरुमा आवश्यकता अनुसार शौचालय तथा खानेपानीको व्यवस्था मिलाईने छ ।

उद्योग तथा ब्यापार सम्बन्धी नीति

- गाउँपालिका / वडा स्तर सम्म सहकारी संस्थाहरुको विकास, विस्तार र प्रवर्द्धन गर्ने एवं उत्पादन बृद्धिको विशेष नीति अख्तियार गरिनेछ ।
- वडा वडामा सहकारीताको बारेमा अभिमुखिकरण कार्यक्रम संचालन गरी कम्तीमा "एक वडा एक सहकारीको अभियान" प्रवर्द्धन गरिनेछ ।
- बटेश्वर बजारलाई यस गाउँपालिकाको नमुना बजारको रुपमा विकसित गरिने छ ।
- लघुउद्यम तथा स-साना घरेलु उद्योगहरुको विकासमा समुदाय एवं निजी क्षेत्रलाई

- बाजार माँगमा आधारित स्वरोजगार सृजना हुने उद्योग संचालनलाई प्रोत्साहन गर्न बजार केन्द्रहरुमा लघुउद्यम कार्यक्रमहरु संचालन गरिनेछ ।

पत्रकारिता क्षेत्र प्रवर्द्धन सम्बन्धी नीति

- पत्रकारिता क्षेत्रको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सञ्चारकर्मी संग नियमित अन्तरक्रिया गरी निरन्तर सुधारको नीति अवलम्वन गरिनेछ ।

भवन, सहरी विकास तथा पूर्वाधार

- गाउपालिका भवन **आगामी आर्थिक बर्ष २०८०/८१ मा सम्पन्न** सम्पन्न गरीने छ
- गाउँ विकास योजना तर्जुमा गर्दा जनतालाई प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु, कृषि उत्पादनमा वृद्धि हुने, स्थानीय साधन, सीप र दक्षताको परिचालनबाट संचालन हुने, वातावरण संरक्षणमा सघाऊ पुर्याउने र आर्थिक तथा सामाजिक रुपले पिछडिएका जाति, जनजाती, दलित, गरिब, महिला एवं बालबालिकाको लागी आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्रथमिकता दिइनेछ ।
- सडक सम्बन्धी पुर्वाधार योजना संचालन गर्दा वार्षिक गाउँ विकास योजना / सडक गुरु योजनाको आधारमा संचालन, मर्मत एवं स्तरोन्नती गरिनेछ ।
- गाउँपालिकामा पाँचवटै वडालाइ जोड्ने कालोपत्रे सडक निर्माण कार्य यसै वर्ष देखि शुरु गरिने छ ।
- गाउँपालिकाको योजनावद्ध विकास मार्फत स्वच्छ, सुरक्षित, समृद्ध र पहिचानयुक्त गाउँपालिकाको रुपमा विकास गरी गाउँपालिकावासीको मांग अनुसार सर्वसुलभ, भरपर्दो, गुणस्तरीय सेवा तथा सुविधा उपलब्ध गराई गाउँपालिकावासीहरुको जीवन स्तरमा सुधार ल्याउनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकायहरुको समन्वयमा समेत कार्यक्रमहरु संचालन गरिनेछ ।

संस्थागत विकास तथा सेवा प्रवाह

- गाउँपालिका भित्र रहेका सार्वजनिक ऐलानी जग्गा, गौचर, पोखरी, इनार लगायत सार्वजनिक महत्वका स्थानहरुको तथ्याङ्क संकलन गरी संरक्षण गरिनेछ ।

- गाउँपालिका अन्तर्गतका कर्मचारीहरुको कार्यक्षमताको विकास गरी कार्य सम्पादनको गुणस्तरमा अभिवृद्धि गर्न कर्मचारीहरुलाई स्थानिय भत्ताको व्यवस्था गरिने छ ।
- गाउँपालिका अन्तर्गतका सवै विषयगत शाखाका कर्मचारीहरुलाई कामप्रति जिम्मेवार बनाई जिम्मेवारीपुर्ण कार्य सम्पादन गर्ने उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत र सम्मान गरिनेछ ।
- गाउँपालिका अन्तर्गत स्थापित वा कार्यक्षेत्र रहेका सरकारी तथा गैर सरकारी सामाजिक संस्था, उपभोक्ता समितीहरुले आफ्नो उद्देश्य अनुसार गाउँपालिकाको आर्थिक, सामाजिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने संघसंस्थालाई पुरस्कृत गरिनेछ ।
- स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार गाउँपालिकाको वित्तीय अधिकार क्षेत्रभित्र रहेको आन्तरिक आय राजस्वहरु वापत गाउँपालिकाको आन्तरिक आयमा बृद्धिका लागि तोकिएको राजस्व संकलनका कर क्षेत्रहरुको समग्र राजस्व संभाव्यता सम्बन्धी तथ्यांक संकलन सहित विस्तृत अध्ययन अनुसन्धान गरिनेछ
- जग्गामा लाग्ने मालपोत कर यसै वर्षदेखि २५ प्रतिशतले घटाइनेछ ।

न्यायिक समिति

- नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार गाउँपालिकालाई प्रदत काम, कर्तव्य र अधिकारको सुब्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ। न्यायीक समितिको कामलाई वस्तु परक बनाउन संस्थागत विकास गरिनेछ ।
- विवाद समाधानका वैकल्पीक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडी बढाइनेछ । स्थानीय न्याय प्रतिपादन प्रक्रियालाई छिटोछरितो र व्यवस्थित गरि नमुना न्यायिक समितिको रुपमा व्यवस्थित गरिने छ

युवा सम्मान कार्यक्रम

राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा गाउँको प्रतिष्ठा बढाउन योगदान पुर्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ। युवाहरुको क्षमता विकासका लागि युवा परिचालन कार्यक्रम संचालन गरिनेछ । युवा केन्द्रित

मनोसामाजिक पारमर्श जस्ता कार्यक्रम संचालन गरिनेछ । युवाहरुको साहस, सहनशीलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मुल्याङ्कन गर्दै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्तिलाई गाउँपालिकाको मानवीय पुँजीको रुपमा स्वीकार गर्दै गाउँपालिकाको समग्र विकासमा परिचालन गरिनेछ । खेलकुद, समाजिक विकास, वातावरण संरक्षण, बिपद व्यवस्थापन, समाजिक तथा आर्थिक रुपान्तर लगायतका क्षेत्रमा सेवाको रुपमा युवा परिचालन गरिनेछ ।

## हरियाली प्रवर्धन

"स्वच्छ बटेश्वर, हरित बटेश्वर" भन्ने नाराका साथ सुरुवात गरिने हरियाली प्रवर्धन अभियानलाई प्रत्येक टोल बस्ती स्तर सम्म पुर्याइनेछ । हरियाली प्रवर्धनमा पुर्याएको योगदानको आधारमा वडा कार्यालय र संस्थालाई पुरस्कृत गरिनेछ । गैर सहकारी संस्था, आमा समूह, युवा क्लव लगायतका सामाजिक संस्थाहरुलाई बस्ती र शहरी सुन्दरता अभिबृद्धि कार्यक्रममा सहभागी बनाइनेछ । बस्ती स्तरका सडकहरुमा समेत हरियाली प्रवर्धन अभियानलाई टेवा पुर्याउने गरी वृक्षारोपन कार्यक्रमलाई समेत लागत इस्टिमेटमा समावेश गरी योजना सम्झौता गर्ने प्रणालीको विकाश गरिनेछ ।

## गैरसरकारी संस्था

गैरसरकारी संस्थाहरुले संचालन गर्ने सबै कार्यक्रममाहरु गाउँपालिकाको वार्षिक योजना किताबमा समावेश गरी गाउँपालिकाको पुर्व स्विकृति लिई गाउँपालिकाले ताकेको वर्ग र क्षेत्रमा कार्यक्रम संचालन गर्नेप्रणालीको विकाश गरिनेछ । गैरसरकारी संस्थालाई गाउँपालिकाको विकास प्रकियामा सहयोगीको रुपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्न र उनिहरुवाट पारदर्शी उतरदायी सेवा प्रवाह गराउन निर्देशन गर्दै आवश्यक सहयोग पुर्याइनेछ । गाउँपालिका भित्र कियाशिल गैरसरकारी संस्थाहरुको प्रोफाईल तयार गरी गैरसरकारी संस्थाको परिचालन, नियमन, अनुगमन, मूल्याङ्कन तथा सहजीकरणलाई प्रभावकारी बनाइनेछ ।

## सार्वजनिक निजी साझेदारी

सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई अवलम्बन गरी कृषि, पर्यटन र फोहोरमैला व्यवस्थापन, उधम व्यवसाय, भौतिक संरचना निर्माण सहितको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## बैंकिङ एवं सञ्चार प्रविधि सम्वन्धी निति

- अगामी आ.व. वाट यस गाउँपालिकामा **Sutra** मा आधारित वार्षिक विकास कार्यक्रम तर्जुमा जोड दिइनेछ।
- दातृ निकाय तथा अन्य संस्थाको सहयोगमा गाउँपालिकामा गाउँ सुचना प्रविधिको पहँच विस्तार गर्न गाउँ सुचना केन्द्र स्थापना गरिनेछ ।
- गाउँपालिकाले आफनो सुचना निर्णय तथा गतिविधिहरुलाई पारदर्शी रुपमा नियमित प्रकाशन तथा प्रशारण गरी एफ.एम., पत्रपत्रिका तथा बुलेटिनहरुका साथै गाउँपालिकाको वेबसाईट मार्फतबाट समेत जानकारी गर्ने परिपाटिको विकास गरिनेछ ।